# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

शहरी विकास मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल निकास विभाग, पानीपोखरी काठमाडौंको मातहतमा विभिन्न खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा कार्यरत मोतिउर रहमान समेतका इन्जिनियरहरुले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी जेष्ठता र कार्यक्षमताको आधारमा बढुवा भएकोले छानबिन गरी कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज इन्जिनियर मोतिउर रहमानले The Controller of Examination, University of Allahabad, उत्तर प्रदेश, भारतबाट प्राप्त बि.ई. इन्जिनियरिङको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी खानेपानी तथा सरसफाई मन्त्रालयको सि.डि.ई. पदमा बढुवा समेत भई सरकारी लाभ सुविधा लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा(१) बमोजिमको कसुर भएको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उप-सचिव एवं सहायक प्रवक्ता